# स्मार्ट सिटि (स्फूर्त शहर) सम्वन्धी

# अवधारणापत्र

## श्रावण, २०७३

**भुमिका**

बढदो शहरिकरणको साथ शहरी पूर्वाधार तथा सेवा सुविधाहरुको बढदो मांग भईरहेको छ। शहरी बासिन्दाहरुको मागको आपूर्ती र जलवायु परिवर्तन लगायत शहरी समस्याहरुको समाधानकोलागि सुचना प्रविधिको अधिकतम प्रयोग गरी शहरमा पुर्वाधार¸ शासन¸ आर्थिक व्यवस्था र स्वयंम जनतालाई स्मार्ट बनाएर स्रोतको महत्तम प्रयोग गरि धेरै जनसंख्यालाई मितव्ययी¸ छिटो र व्यवस्थित ढंगले सेवा र सुबिधाहरु पुरयाउने स्मार्ट शहरहरुको आवश्यकता भई यसको आज भोलि प्रयोग बढदै गएको छ । "स्मार्ट शहर" को सर्वसम्मत परिभाषा  त छैन । संयुक्त राष्ट्र आर्थिक र सामाजिक परिषदले समेत "स्मार्ट सहर"को कुनै सर्वस्वीकार्य परिभाषा नरहेको स्पष्ट पारेको छ । विकासको तह र सामाजिक आर्थिक आधारमा विभिन्न राष्ट्रहरुले र आफ्ना शहरहरुको लागि स्मार्ट शहरहरुको परिभाषा भिन्न हुन सक्दछ भन्ने ठम्याएको छ ।

यस सन्दर्भमा नेपाल सरकारले आ.व.२०७३/०७४ को वजेट वक्तव्यमा गोरखाको पालुङ्गटारलाई केन्द्र मानि मर्स्याङ्दी आसपासका क्षेत्रमा स्मार्ट सिटिको गुरुयोजना तयार परि कार्यान्वयन गर्ने साथै वालीङ्ग, लुम्विनि र डडेलधुरा लगायत १० शहरहरुलाई आधुनिक एवं समृद्ध स्मार्ट शहरको रुपमा विकास गर्न कार्यारम्भ गर्ने उल्लेख गरिएको छ । तर हालसम्म नेपालको सन्दर्भमा स्मार्ट सिटिको आधिकारिक व्याख्या र अवधारणा नभएको आवश्यकतालाई महशुस गरी राष्ट्रिय योजना आयोगले यो (मस्योदा) अवधारणा तयार पारी प्रस्तुत गरेको छ ।

**स्मार्ट सिटि (स्फूर्त शहर) का विशेषताहरु र सुचकहरु**

बिकसित राष्ट्रहरुले इन्टरनेट सुविधा र प्राविधिक प्रगतिको प्रभावलाई आधार बनाएर स्मार्ट शहरहरुको विकासमा जोड दिदै नागरिकको सेवामा पहुचता, रोजगारी, किफायति आवास र स्वस्थ्य वातावरण पक्षहरुलाई प्राथमिकता दिएका छन । साधारणतया सुचना प्रविधिको कुसल प्रयोग मार्फत सार्वजनिक सेवा सुबिधामा जनताको सहभागितासहित पहुचता र दिगो वातावरणीय अवस्थाका साथ शहरवासिहरुको जिवनको गुणस्तर राम्रो हुने शहरलाई नै स्मार्ट शहर भन्न सकिन्छ । त्यसैले नेपालको परिपेक्ष्यमा स्मार्ट सहर भन्नाले ईन्टरनेट लगायत आधुनिक सुचना प्रविधिको प्रयोग भई ई-सुशासन स्थापित भएको, व्यवस्थित सार्वजनिक यातायात र  पुर्वाधारहरु मार्फत खानेपानी¸ विजुली¸ ढल र टेलिफोन आदी जस्ता शहरि सेवा सुविधाहरु भरपर्दो भएको,

हरीत प्रविद्धिमा आधारित आवास, ईन्धन र फोहरमैला एवं सरसफाईको व्यस्थापन भएको र शहरि योजना तर्जुमा , व्यवस्थापन र कार्यान्वयनमा नागरिक सहभागिता सुनिश्चित भई सुरक्षित वातावरणको साथ सहरवासिहरुको जिवनको गुणस्तर उन्नत भएको शहर भन्ने बुझ्न सकिन्छ ।

छोटकरीमा भन्दा स्मार्ट सिटिले दिगो शहरी विकास अवधारणामा आधारित सुचना प्रविधिको प्रयोग मार्फत शहरवासीलाई उच्च र गुणस्तरीय सार्वजनिक सेवा र सुविधाको पहुँच पुगेको अनुसरण योग्य शहर भन्ने नेपालको परिप्रेक्ष्यमा बुझ्न सकिन्छ ।

त्यसैले SMART शहरमा रहेको S ले SUSTAINABLE अर्थात वातावराणिय एवं सेवा सुविधाको दिगोपन, M ले MEASURABLE अर्थात उपलव्ध सेवा सुविधाहरु मापन गर्न सकिने , A ले ACCESSIBLE अर्थात सेवा सुविधामा जनताको समावेशी र समन्यायिक पहुँचहुने , R ले REPLICABLE अर्थात विशेषताहरु अनुसरण गर्न लायक र T ले TECHNICAL अर्थात प्राविधिक विकासको प्रयोग गर्ने तर्फ ईङ्गित गरेको मान्न सकिन्छ ।

**<u>स्मार्ट शहरका आधारभुत विशेषताहरु</u>**

1) स्मार्ट जनता (SMART PEOPLE)
2) स्मार्ट शासन (SMART GOVERNANCE)
3) स्मार्ट पूर्वाधार (SMART INFRASTRUCTURES
4) स्मार्ट अर्थव्यवस्था (SMART ECONOMY)

**(1) स्मार्ट जनता (SMART PEOPLE)**

स्मार्ट शहरले नागरिकको आवश्यकता र सेवा सुविधामा ध्यान केन्द्रित गर्न जरुरि छ । तसर्थ: स्मार्ट जनता भन्नाले शहरी विकासका उपलव्धिहरु प्रयोग गर्दै गर्दा समावेशी समाजको सिद्धान्तलाई उपयोग गर्ने सुरक्षित, स्वस्थ्य,शिक्षित,सिर्जनशिल नागरिक भन्ने जनाउछ ।

स्मार्ट जनताका केहि सुचकहरु निम्न छन् ।

**(क) समावेशिकरण (INCLUSIVENESS)**

- कुल परिवार सङ्ख्यामा इन्टरनेट सुविधा पुगेको घर परिवारको प्रतिशत

- कुल जनसङख्या मध्ये स्मार्टफोनको प्रयोगकर्ता प्रतिशत
- स्थानिय निकाय/नगरपालिकाले संचालन गरेको नागरिक सहभागितामा आधारभुत कार्यक्रमहरुको संख्या
- लैङगिक शसक्तिकरण सुचकाङ्क

**(ख) शिक्षा (Education)**

- साक्षरता दर
- माध्यमिक शिक्षा उतिर्ण गर्ने विधार्थीको प्रतिशत
- विधालयहरुमा पठनपाठनमा श्रव्य दृश्य तथा इन्टरनेटको प्रयोग प्रतिशत
- दुर शिक्षा सुबिधा तथा ई-लाइब्रेरी सुबिधा भए/नभएको तथा तिनको प्रयोग प्रतिशत

**(ग) स्वास्थ्य (Health)**

- अस्पताल वा स्वास्थ्य केन्द्रमा वर्षमा कम्तिमा एक पटक स्वास्थ्य परिक्षण गर्ने जनसङ्ख्या प्रतिशतमा
- अस्पतालबाट स्वास्थ्य केन्द्र सम्म पुग्ने न्युनतम दुरी
- स्वास्थ्य विषेशज्ञ वा डाक्टर प्रति दशहजार जनसंख्यामा
- स्वास्थ्य विमा भएका नागरिकहरुका प्रतिशत
- अपेक्षीत आयु (वर्षमा)
- योगा र आध्यात्मिक ज्ञानमा नागरिकहरुको पहुँचता प्रतिशतमा

**(घ)सिर्जनशीलता (Creativity)**

- सिर्जनशिल उधोग व्यवसाय र अन्य कार्यमा काम गर्ने जनशक्तिको प्रतिशत
- सिर्जनशिल उधोग, व्यवसाय र कार्य हरुको संख्या

**(ङ) सुरक्षा (Security)**

- सुरक्षित महसुस गर्ने नागरिकहरुको प्रतिशत
- अपराधिक कृयाकलापको संख्या प्रति महिना

**(२) स्मार्ट शासन (SMART Governance)**

स्मार्ट शहरमा शासन चुस्त दुरुस्त भई सार्वजनिक सेवा हरुको वितरण समन्यायिक र निर्णय प्रक्रिया समावेशी हुनु आवश्यक छ । सूचना प्रविधिको प्रयोग भई ई-शासनको अभ्यास भएमा सेवा वितरणहरु सहज र प्रभावकारी भई नयाँ परिवर्तन आउन सक्दछ । कार्य कुशलता र प्रभावकरी कार्यान्वयनको साथ उत्तरदायी, पारदर्शि र समावेशि निति तथा कार्यक्रमहरु जनतालाई विश्वासमा लिई नागरिकको माँग अनुकुल सुमधुर संवादका साथ डिजिटल प्रविधिको प्रयोग भएको ई-शासन मार्फत प्रशासनिक अभ्यास गर्नु नै स्मार्ट शासन हो ।

स्मार्ट शासनका सुचकहरु निम्न छन ।

**(क) सुचना प्रविधि पुर्वाधारहरु (Information & Technology Infrastructure)**

- प्रतिवर्ग कि.मि. मा वाईफाई हटस्पटहरुको संख्या
- ईन्टरनेट जडान भएको घर संख्या
- सार्वजनिक स्थलमा वाईफाई हटस्पटहरुको संख्या
- उच्चगतीको ईन्टरनेटको प्रयोग प्रतिशत
- सार्वजनिक यातायात र सार्वजनिक स्थलको विजुलि ,पानी, पार्किङ आदि सुविधाहरुमा सेन्सर प्रविधि जडान भएको पुर्वाधार संख्या वा प्रतिशत
- सार्वजनिक क्षेत्र, मुख्य व्यापारिक क्षेत्र र सडकका दोबाटो/चोबाटोमा भएको डिजिटल सुचना वोर्डको संख्या
- ईन्टेलिजेन्ट यातायात प्रणालि व्यवस्था भएको संख्य/ओगटेको प्रतिशत

**ख) अनलाईन सेवाहरु (Online Services)**

- ❖ ई टेण्डर,ई-परमिट, ई-लाइसेन्स र ई-हाजिरी जस्ता सुविधाहरुको उपयोग संख्या / प्रतिशत ।
- ❖ नागरिकले इन्टरनेट र मोवाईल फोनको माध्यामबाट सार्वजनिक निकायका सूचानाहरु प्राप्त गर्न सक्ने सार्वजनिक सेवाहरुको संख्या
- ❖ नागरिकले ईन्टरनेट मार्फत सार्वजनिक निकायहरुलाई आफ्नो विचार सुझाव तथा सूचना दिने र गुनासो राख्न सक्ने अवस्था भई यस्तो अभ्यासको प्रयोगको संख्या / प्रतिशत

- ❖ सामाजिक सुरक्षा भत्ता र सरकारबाट प्राप्त हुने अन्य सेवा सुविधा नागरिकहरुले घरमा नै वसी ईलेक्ट्रोनिक रुपमा लिन सक्ने वा वैंकमा ट्रान्सफर गर्ने व्यवस्थाको अभ्यासको संख्या / प्रतिशत
- ❖ जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता जस्ता महत्वपूर्ण दर्ता कार्यहरु अनलाईनबाटै गर्न सक्ने अवस्थाको विकास भई प्रयोग कर्ताहरुको संख्या
- ❖ अनलाईन कर प्रणालिको विकास तथा प्रयोग र कर छलि गर्नेहरुलाई सावधान तथा सचेत गर्ने अनलाईन प्रणालीको विकास भई उपयोग संख्या / प्रतिशत

**ग) पारदर्शि र खुला सरकार ( Transparent and Open Government )**

- ❖ खुला तथ्याङ्कको उपयोग संख्या / प्रतिशत
- ❖ खुला तथ्याङ्कमा आधारित मोवाईल एप्सको संख्या र त्यसको प्रयोग कर्ताको संख्या/प्रतिशत
- ❖ नागरिकसंग प्रत्येक परिवारको ईमेल, ठेगाना र सम्पर्क नंम्वर हुने अवस्था र नागरिकहरुले गुनासो लिने र समस्या समाधानको अनलाईन प्रणाली विकास भई त्यसको प्रयोग कर्ताहरुको संख्या / प्रतिशत
- ❖ अन्य सेवा सुविधा उपलब्ध गराउने निकायहरुसँग अफ्नो ग्राहकहरु अनलाईन सम्पर्क हुने अवस्था विकास गरी सेवाको अवस्था जानकारी दिन सक्ने व्यवस्था, सूचना आदान प्रदान गर्ने , गुनासो राख्ने र समाधानको लागि अनलाईन सेवाको उपयोगको संख्या / प्रतिशत
- ❖ सहरी नक्सा GIS युक्त भई मेट्रिक ठेगाना प्रणाली लागु भएको संख्या / प्रतिशत
- ❖ नगर प्रमुखबाट प्रत्येक महिना नगरबासीहरुसँग गतिविधि सम्वन्धी सम्बोधन गर्ने र अन्तरक्रिया गर्ने अभ्यासको संख्या

**घ) पहिचान (Identity)**

- ❖ शहरको तुलानात्मक लाभको क्षेत्र पहिचान भई त्यसैलाई मुलआधार बनाई सामाजिक आर्थिक विकासको लागि मौलिक पहिचान भएको ।

**३, स्मार्ट अर्थ व्यवस्था (Smart Economics)**

स्मार्ट अर्थ व्यवस्थाले दिगो उत्पादनशिलता र रोजगारी प्रति संके त गर्दछ । दिगोपनाका निम्ती आवश्यक नविन सोच, कार्यकुशलता र उपलब्ध प्रविधिको संयोजनबाट रोजगारिको सिर्जना सहित उत्पादकत्व वृद्धि गर्दै दिगो विकासमा उर्जा दिने नै स्मार्ट अर्थ व्यवस्था हो ।

**क) नविन र उद्यमशिलता (Innovation and Entrepreneurship)**

- नयाँ उद्योग / व्यापार दर्ताको लागि ई- दर्ता गर्ने व्यवस्था भएको ।
- उद्यमशिलताको विषयमा सूचना पाउने र नागरिकहरुले पनि आफ्नो नविन विचारहरु पनि अनलाईन मार्फत प्रकट गर्ने अवसर भई सो को प्रयोग कर्ताको संख्या
- नविन सोच र प्रविधि एवं हरित उद्यमशिलतामा आधारित उद्योग,व्यापार र आर्थिक कृयाकलापहरुलाई आर्थिक सहयोग बैंकिङ्ग लोन उपलब्ध भई उपयोग गरेको संख्या
- इ.बैंकिङ्ग तथा मोवाईल बैंकिङ्ग लगाएत एटियम कार्ड को प्रयोग गर्नेको संख्या ।
- रोजगारि एवं उद्यमशिलता सम्बन्धीको सूचाना तालिम केन्द्रको संख्या ।
- नागरिकहरुले सेवा प्राप्त होस् भनि ठाउँ ठाउँमा राखिएको ATM Machine र Vending Machine हरुको संख्या ।
- कृषि, प्रर्यटन, उद्योग व्यापार आदि सम्वन्धी सूचना दिने एप्सहरुको उपलब्धता र तिनको उपयोग संख्या / प्रतिशत ।

**ख) उत्पादनशिलता र रोजगारि सृर्जना ( Productivity and Job Creation )**

- प्रतिव्यक्ति कुल ग्राहस्त उत्पादन
- रोजगारि सूचनाको संख्या
- हरित व्यवसाय सम्बन्धी कार्यक्रम तथा मेलाहरुको संख्या ।

**ग) हरित व्यवसाय ( Green Business)**

- हरित रोजगारिमा संलग्नको संख्या ।
- हरित अर्थ व्यवस्थामा योगदान पुर्याउने व्यवसायहरुको संख्या ।
- हरित व्यवसायले GDP मा योगदान गरेको प्रतिशत ।
- अनलाईन बजारको व्यवस्था भई घरघरमा अनलाईन खरिद पछि डेलिभरि गर्ने प्रणालिको सेवाग्राहीको संख्या / प्रतिशत ।
- हाट बजार वा साना महोत्सबहरु आयोजना हुने संख्या ।

- सुपथ मूल्यका पसल, वासिङ मेशिन , दैनिक मर्मत संभार कक्ष, कपालकाट्ने , नुहाउने, रेष्टुरान्ट,सार्वजनिक सौचालय जस्ता सेवा दिने एकीकृत शहरी सेवा केन्द्र संचालन भएको संख्या ।
- कृषि बजारका संख्या ।
- स्मार्ट कार्ड तथा प्रिपेड कार्डबाट पार्किङ शुल्क तिर्ने व्यवस्था भई प्रयोगकर्ताको संख्या ।
- एकीकृत सार्वजनिक यातायात व्यवस्थापन प्रणाली लागु संख्या / प्रतिशत ।
- यातायात सम्बन्धी एप्सको उपलब्धता संख्या ।
- कुल यातायात प्रणालीमा सार्वजनिक यातायातले ओगटेको प्रतिशत ।
- कूल यातायात प्रणालीमा प्रतिव्यक्तिमा खर्च हुने इन्धन ।

**४) स्मार्ट पुर्वाधार (SMART Infrastructures)**

स्मार्ट शहरलाई गतिशिलता दिन स्मार्ट पूर्वाधार आवश्यक हुन्छ । अझ स्पष्ट सँग भन्नेहो भने स्मार्ट शहरको आधारभूत आवश्यकता भनेको नै स्मार्ट पूर्वाधार हो । शहरको उपयुक्त र वातावरण मैत्री यातायात प्रणाली, हरियाली क्षेत्र र खुला ठाउँ , खानेपानी , टेलिफोन आदि सबै प्रयाप्त र किफायति ढंगबाट भूकम्प,बाढीबाट सुरक्षित एवं जलवायू परिवर्तन अनुकुलित भएको अवस्था प्रदुषण रहित तरिकाबाट उपलब्ध भएमा नागरिकहरुको जीवन सहज र उपलब्धी मूलक बन्न सक्दछ । योजनाबद्ध विद्धमान प्राकृतिक वातावरण र यसको दिगोपनालाई ध्यानमा राखि नागरिकलाई सेवा सुविधा पुर्याउन भौतिक, सामाजिक, हरीत र सुरक्षाका पुर्वधारहरुको विकास गर्नुलाई नै स्मार्ट पूर्वाधारले समेटेको हुन्छ । यसले शहरी बासिन्दालाई जीवन्ता प्रदान गर्दछ ।

स्मार्ट पूर्वाधारका सूचकहरु निम्न छन् ।

**क) भौतिक पूर्वाधारः-**

<u>यातायात</u>

- ध्वनि,वायु प्रदुषण कम भई जनसंख्यालाई एक ठाउँबाट अर्को ठाउँमा भरपर्दो किफायति र सुरक्षित तरिकाबाट सार्वजनिक नगर बस, ट्रेन, जस्त सवारी साधनको लागि आवश्यक

पर्ने सडक सवारी साधन र व्यवस्था भएको यातायात प्रणालिको विकास भई सेवाग्राहिहरुको संख्या / प्रतिशत ।

- पैदल यात्री र साइकल मैत्री बाटोको आवश्यकता अनुसार व्यवस्था भएको संख्या ।
- साइकल यात्रीको संख्या ।
- Car sharing र Car pooling को व्यवस्था भई उपयोगकर्ताहरुको संख्या ।
- CCTV प्रयोग गरी पार्किङ लगायतका यातायात व्यवस्था भएको संख्या ।

**उर्जा**

- हरित उर्जा जस्तैः जलविधुत, सौर्य, वायु, वायोग्यास जस्ता उर्जाको प्रचुर प्रयोगलाई उपयोगकर्ताको संख्या / प्रतिशत ।
- कुल उर्जा खपत मध्ये नविकरण उर्जा खपतको प्रतिशत ।
- सडक बत्ति भएको सडकको संख्या /प्रतिशत ।

**आवास तथा भवन**

- आधारभूत आवासको उपलब्धता भएको जनसंख्याको प्रतिशत ।
- सामूदायिक कार्यक्रम , योग साधाना एवं आध्यात्मिक सत्संग गर्न तथा अन्य साहित्यीक एवं सामाजिक कार्य गर्न उपलब्ध बहुउद्देश्यिय भवनको संख्या ।
- सरकारी निकायका कार्यालयहरुको उपलब्ध एकिकृत एवं डिजिटल प्रणालि युक्त आफ्नै भवनहरु भएको ।
- भवन आचार संहिता पालना भएका भूकम्प प्रतिरोधात्मक भवनको संख्या / प्रतिशत ।
- सुकुम्बासी वस्तीको संख्या वा यस्ता वस्तिमा वस्ने जनसंख्या प्रतिशत ।
- Redevelopment ,Regeneration वा योजनाबद्ध वस्ती विकास भएको संख्या /प्रतिशत
- धारा, पानी, विजुली जस्ता सुविधाहरुमा स्मार्ट मिटर जडान भएका आवासिय, संस्थागत, औधोगिक तथा व्यापारिक भवनहरुको संख्या ।

**ख) शहरी सेवासुविधाका पूर्वाधारहरुः**

- विजुली, खानेपानी, टेलिफोन आदि पूर्वधार पुगेको घरपरिवार संख्या / प्रतिशत
- ढलको व्यवस्थाको सेवा प्राप्त जनसंख्या / प्रतिशत ।
- वातावरण र उर्जा मैत्री ढल प्रशोधन केन्द्रहरुको संख्या
- भुमीगत Utility duct को व्यवस्था भई ताररहित सडकको संख्या / प्रतिशत ।

- विधुत एवं पानी चुहावटको प्रतिशत

**ग) सामाजिक पूर्वाधार**

- प्रति दश हजार जनसंख्याको लागि अस्पताल वा स्वास्थ्य केन्द्रको संख्या
- टेलिमेडिसिन सेवाको उपलब्धता तथा उपयोगकर्ताको प्रतिशत ।
- प्रति दश हजार जनसंख्याको लागि कलेज वा उच्च विद्यालयको संख्या ।
- जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग व्यक्तिहरु मैत्री सार्वजनिक सुविधाहरु जस्तैः- सार्वजनिक सौचालय, सार्वजनिक यातायात आदिको संख्या /प्रतिशत ।
- जेष्ठ नागरिकहरुको सिक्ने र सिकाउने थलो अनवरत शिक्षा केन्द्र संख्या ।
- दिशा मुक्त क्षेत्रले ओगटेको जनसंख्या प्रतिशत ।
- सार्वजनिक लाइब्रेरीको संख्या

**घ) हरित पूर्वाधार**

- खुला क्षेत्र र हरियाली क्षेत्र वा पार्कहरुको संख्या / प्रतिशत ।
- फलपूलको रुखहरु रोपिएको वा करेसावारीको अभ्यास भएका घर संख्या / प्रतिशत ।
- 3R सिद्धान्त प्रयोग गरी फोहोरमैला व्यवस्थापन गर्ने घरपरिवार संख्या /प्रतिशत ।
- शहरमा कूल उत्पादित फोहर मध्ये पुन प्रयोग गरिने फोहरको प्रतिशत
- स्यानिटरी ल्याण्ड फिल्ड साइटको संख्या ।
- कम्पोस्ट प्लान्ट भएको संख्या ।
- शहरमा शहरी वनले ओगटेको प्रतिशत ।
- शहरी कृषि व्यवसाय अपनाउने जनसंख्या / प्रतिशत ।
- नदि / पोखरिको संख्या ।
- आकासे पानी संकलन केन्द्रको संख्या ।
- वातावरणिय सूचना प्रदान गर्ने र तालिम दिने केन्द्रको संख्या ।
- हरित भवन बैकल्पिक /नविकरणीय उर्जाको प्रयोग, फोहरमैला व्यवस्थापन आदि प्रयोग भएमा यसको संख्या / प्रतिशत ।
- स्वच्छ उर्जा र अन्य हरित प्रविधि अपनाएका उद्योग लगायत व्यवसायीक संस्थाहरुको संख्या / प्रतिशत ।
- प्रतिव्यक्ति हरित क्षेत्रको क्षेत्रफल ।

- शहरमा रहेको हरित क्षेत्र र वातावरणीय स्थितीबारे सूचना दिने एप्सको प्रयोग गर्ने संख्या ।

**(४) सुरक्षा पुर्वाधार(Security Infrastructure)**

- सुरक्षा सम्वन्धि एप्सको उपलव्धता र यसको उपयोग कर्ताको संख्या/प्रतिशत
- प्रति दशहजार जनसंख्याको लागि सुरक्षा कर्मिको संख्या
- अपराध नियंत्रणमा सहयोग पुर्याउन प्रयोगहुने उपकरण र प्रविधि संख्या
- विपदको पुर्व तयारि योजना भएको
- विपद वा विपद पछि आवस्यक  अस्थाई रुपमा सर्वसाधारणको लागि बस्न छुट्याईएको स्थान हरुको संख्या
- विपद व्यवस्थापनको लागि आवस्यक उपकरण र पुर्वाधारहरुको संख्या
- अपराध सुधार कक्षहरुको अवस्था र संख्याहरु